Celebrating 25th Year
NEPAN

## नेपाल सहभागीमूलक कार्य समूह (नेपान)

# २५ औं वार्षिक साधारणसभाको




# विस्तृत प्रतिवेदन २०७६

## भदौ २१, २०७६

### स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान,

### जावलाखेल, ललितपुर, नेपाल

**नेपाल सहभागीमूलक कार्य समूह (नेपान)**
**२५औं वार्षिक साधारणसभाको**




**विस्तृत प्रतिवेदन २०७६**
**भदौ २१, २०७६**
**स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर, नेपाल**

**प्रस्तुतकर्ता**


चन्द्रबहादुर सर्तुङ्गे
पदम भुसाल

नेपाल सहभागिमूलक कार्य समूह (नेपान)
नेपान घर, दोभान टोल, सहयोगी नगर,
जनता सडक, कोटेश्वर, काठमाडौँ-३२, नेपाल
फोन नं.: ९७७ ०१ ४१५४९३८
इमेलः nepan@nepan.org.np
वेबसाइटः www.nepan.org.np

## यस प्रतिवेदनका बारेमा

अहिले देशमा सहभागीमूलक विकास पद्धतिले नयाँ फड्को मारेको छ । विकासमा सहभागितात्मक पद्धति, लोकतन्त्रमा सहभागीमूलक संस्कार, व्यवस्थापनमा सामूहिक सहभागिता आदि अहिले जताततै संस्कारकै रुपमा अभ्यास हुन थालेको छ । सहभागीमूलक पद्धति र सशक्तिकरणको दर्शनलाई आत्मसात गर्ने गरी हाल विश्वभर प्रचलनमा रहेको सहभागीमूलक ग्रामीण लेखाजोखा (Participatory Rural Apprisal) पद्धतिले यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

सन् १९९० सम्म नेपालमा सहभागीमूलक ग्रामीण लेखाजोखा पद्धतिको वारेमा जानकार भएका व्यक्ति हातमा गन्न सकिने अवस्थामा थिए । तर अहिले देशभरि कम्तीमा एकहजार विकासे कार्यकर्ता यस विषयमा तालिम दिन सक्ने, अभ्यास गर्न सक्ने र प्रर्वद्धनको लागि वकालत गर्न सक्ने भएका छन् । प्रदेश नम्वर १ देखि सुदूरपश्चिम प्रदेशसम्म र हिमालदेखि तराईसम्मै फैलिएका छन् ।

अहिले नेपान २५ औ वर्षको यात्रामा छ । सन् १९९५ अप्रिलमा स्थापना भएको नेपान संस्थापकको रुपमा ३३ जना विकासकर्मी थिए । नेपालका नाम चलेका अन्तर्राष्ट्रिय गैरसरकारी संस्था/गैरसरकारी संस्था परियोजना आदिमा कार्यरत ज्ञान सिक्न आतुर, र पिआरए पद्धति फैलाउने काममा प्रतिवद्ध व्यक्तिहरु यसका प्रारम्भिक सदस्य थिए । नेपान अरु गैरसरकारी संस्थाभन्दा भिन्न एउटा *थिङ्क ट्याङ्क*को रुपमा सञ्जाल भएकोले केही सरकारी अधिकारीहरु पनि यसको सदस्य रहेका छन् । नियमित रुपमा विकास ज्ञान आदान प्रदान र सदस्यको क्षमता अभिवृद्धि यसको मूल एजेण्डा बन्यो । अहिले यस संस्थामा करिव ३०० जना सदस्य छन् ।

नेपान २५औं वर्षमा यात्रा गरिरहँदा सवै सहज र सरल बाटोमा मात्र हिँडेको छैन । कहिले स्रोतको अभाव, कहिले द्वन्द्वको प्रभाव, कहिले सदस्यको उच्च आकाँक्षा आदिजस्ता चुनौती धेरै भोगेको छ । त्यसैले विश्वप्रसिद्ध अध्येता तथा सहभागीमूलक विकास प्रकियाका प्रणेता प्रा.डा. रोवर्ट च्याम्वर्सको भनाईलाई सापट लिने हो भने नेपान नै विश्वका सहभागीमूलक विकाससम्वन्धी नेटवर्कहरुमध्ये एक निरन्तर, गतिशील र रणनीतिक संरचनासहित अगाडि बढेको नमुना नेटवर्क हो । नेपानको यात्रा एक उदाहरणीय यात्रा : धेरै सँस्थाका लागि । नेपालको एक गतिशील नेतृत्व : धेरै सँस्थाको लागि । नेपानको पारदर्शिता एक खुला किताव : धेरै संस्थाको लागि !

नेपानले २०७६ भदौ २१ गते २५ औं वार्षिक साधारणसभा भव्यरूपमा गऱ्यो । करिव १०० जना सहभागीको उपस्थितिमा सम्पन्न उक्त साधारणसभाको अवसरमा भएका विभिन्न क्रियाकलापहरूको विस्तृत विवरण यस प्रतिवेदनमा समेटिएको छ । प्रतिवेदन तयार पार्नमा विशेष योगदान पुर्‍याउनुहुने चन्द्रबहादुर सर्तुङ्गे र पदम भुसाललाई हामी हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छौं ।

| | | |
|---|---|---|
| उषा अर्याल दाहाल | चेतनाथ कणेल | झविन्द्र भण्डारी |
| कार्यकारी निर्देशक | निवर्तमान अध्यक्ष | अध्यक्ष |

# विषयसूची ः

१. पृष्ठभूमि ........ ५

२. उद्घाटन सत्र ........ ५

२.१ स्वागत मन्तब्य ........ ६

२.२ पुस्तक विमोचन र प्रधान सम्पादकहरूको भनाइ ........ ६

२.३ प्रसिद्ध स्मृति लेखन पुरस्कारको घोषणा तथा सम्मान अर्पण ........ ६

२.४ उत्कृष्टसदस्य र कर्मचारी सम्मान ........ ७

२.५ पारस्पारिक जवाफदेहिता परियोजनाको बारेमा जानकारी ........ ७

२.६ अतिथिहरुको भनाई ........ ८

२.७ उद्घाटन सत्रको समापन ........ ८

३. बन्द सत्र ........ ९

३.१ रणनीतिक छलफलहरुको निचोड ........ ९

३.२ सहभागीहरुको जिज्ञासा तथा सुझाव सल्लाह ........ १०

३.३ वार्षिक प्रगति प्रतिवेदनको प्रस्तुतीकरण ........ १३

३.४ वित्तीय प्रगति प्रतिवेदनको प्रस्तुतीकरण ........ १३

३.५ आगामी वर्षको कार्यक्रम योजना तथा बजेट ........ १३

३.६ नयाँ सदस्यको प्रस्ताव र निर्णय ........ १४

३.७. विधान संशोधन प्रस्ताव ........ १४

३.८. नयाँ कार्यसमिति निर्वाचन ........ १४

३.९. निवर्तमान कार्य समितिका सदस्यहरुलाई सम्मान ........ १५

४. निष्कर्ष ........ १५

अनुसूची ........ १६

छापामा नेपान ........ २९

## १. पृष्ठभूमिः

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) सन् १९९५ अप्रिल महिनामा विधिवत स्थापना भई नेपालमा गैरसरकारी क्षेत्रबाट सामाजिक विकास र आमूल परिवर्तनको लागि लगातार कार्य गर्दै आइरहेका विकासकर्मीहरुको सामूहिक प्रयासबाट बामे सर्दै अहिले सन् २०१९ मा २५ औ वर्षगाँठ अथवा रजत जयन्ती मनाइरहेको छ । विभिन्न नीति निर्माताहरु, बौद्धिक व्यक्तित्वहरु र विकासकर्मीहरुवीच गरिएको गहन छलफलबाट नेपानको स्थापना भएको थियो । यी गौरवशाली महत्व वोकेका वर्षहरुमा नेपानले नेपालको सन्दर्भमा सन् १९९० को दशकमा विश्वभरी रजगज गरिरहेको सहभागीमूलक विकास पद्धतिको वकालतको लागि नेपालमा आधारभूमि वनाई हजारौ सहभागीमूलक ग्रामीण लेखाजोखा प्रकिया (Participatory Rural Appraisal-PRA) को वारेमा दीक्षित विकासकर्मीहरु उत्पादन गर्दै आइरहेको छ । जिल्ला प्रशासन कार्यालय, काठमाडौं र समाज कल्याण परिषद्मा सामाजिक संस्थाको रुपमा अर्थात् गैरसरकारी संस्थाको रुपमा दर्ता भए पनि नेपानले स्थापनाको सुरुवाती दिनदेखि नै ज्ञान चौतारी (Think Tank) को रुपमा आफूलाई चिनाइरहेको छ । विभिन्न अध्ययन तथा अनुसन्धानमा सँलग्न भएको नेपानले नेपाली समाजमा बहिष्करणमा परेका अल्पसँख्यक सिमान्तीकृत समुदायको वकालतको लागि सरकारी तथा विभिन्न गैरसरकारी निकायहरुसँग गहन र घनिभूत छलफल गरी विभिन्न परियोजनाको मार्फत समुदायमा अन्तरघुलित भएको छ । विभिन्न रणनैतिक योजना बनाई योजनावद्ध तरिकाले नेपानले आगामी वर्षहरुमा देश सँघीय सँरचनामा गइसकेपछि देखिएको अन्योलताहरु हटाउनको लागि स्थानीय सरकार, प्रादेशिक सरकार र संघीय सरकारवीच विकास र सुशासनका साथै जनसहभागितालाई ख्याल गर्दै योजना निर्माण देंखि कार्यान्वयनको चरणसम्ममा सहभागीमूलक प्रकियाको लागि वहस र पैरवी गर्नुपर्ने आवश्यकतालाई विभिन्न छलफलमा ल्याउनुका साथै सुशासन र पारस्परिक जवाफदेहिताको प्रवर्द्धन, मानव अधिकार र सामाजिक न्यायको वकालत, सहभागीताको वुभ्फाईलाई व्यापक रुपमा फैलाउनुका साथै नेपानको सँस्थागत क्षमताको सुदृढीकरणको विषयलाई रणनीतिको रुपमा लिएको छ । विभिन्न नियमित स्तरीय प्रकाशनको माध्यमबाट नेपानले लगातार रुपमा आफुलाई Knowledge Sharing सँस्थाको रुपमा उभ्याइरहेको छ ।

## २. उद्घाटन सत्र ः



नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले स्थापनाको २५औं वार्षिक साधारण सभा यहि मिति २०७६ साल भदौ २१ गते शनिवारको दिन स्थानीय विकास प्रशिक्षण केन्द्र, ललितपुरमा आयोजना गरिएको थियो । बिहान ९:०० वजे बाट औपचारिक रुपमा शुरुवात भएको वार्षिक साधारणसभा नेपानका कार्यसमिति सदस्य श्री कृष्ण सुवेदी "भारद्वाज"ले सञ्चालन गर्नुभएको थियो । २५ औं वार्षिक साधारण सभाको अध्यक्षता नेपानका अध्यक्ष श्री चेतनाथ कणेल गर्नुभएको थियो भने राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त श्री कृष्णहरि बास्कोटा प्रमुख अथिति हुनुहुन्थ्यो । त्यसैगरि अतिथिको रुपमा राष्ट्रिय सभाका सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य माननीय विमला राई पौड्याल (नेपान आजीवन सदस्य), सप्रोस नेपालका अध्यक्ष श्री श्रीकृष्ण उपाध्याय, पूर्व अध्यक्ष श्री व्रह्मध्वज गुरुङ्ग, पूर्व अध्यक्ष श्री यशोदा श्रेष्ठ लगायतको समुपस्थिती रहेको थियो । सो सभामा नेपानको संस्थागत सदस्य भिमपोखरा युवा क्लव, बागलुङ्ग लगायत १०३ जना

नेपान सदस्य तथा गैरसदस्यको उपस्थिती रहेको थियो । नेपालको राष्ट्रिय गान बजाई शुरुवात भएको उद्घाटन सत्रमा प्रमुख अथितिले पानसमा दीप प्रज्वलन गरी औपचारिक रुपमा शुरु गरिएको थियो ।

### २.१ स्वागत मन्तब्य :

नेपानमा लामो समय आवद्ध हुनुभएकी तथा साविकको कार्य समितिको सदस्य श्री रुपा वस्नेतले २५ औ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका प्रमुख अतिथिगण, विभिन्न संघ सँस्थाबाट पाल्नुहुने पाहुनाहरु, नेपानलाई लामो समयदेखि साथ दिनुहुने आजीवन तथा साधारण सदस्यहरुलाई हार्दिक स्वागत गर्दै छोटकरीमा आफ्नो सारगर्वित विचार राख्नुभएको थियो ।










### २.२ पुस्तक विमोचन र प्रधान सम्पादकहरूको भनाइ :

नेपानले सामाजिक विकासका विभिन्न समसामयिक विषयहरुलाई गहनरुपमा अध्ययन अनुसन्धान गरी समय समयमा पुस्तक तथा विभिन्न प्रकाशनहरु प्रकाशित गर्दै आएको छ । प्रकाशनलाई अनुसन्धानमा आधारित बनाई समकालिन विषयहरुमाथि विज्ञहरुको विचार प्रकाशित गर्दै आएको छ । २५ औ वार्षिक साधारण सभाको सुअवसरमा पनि नेपानको नियमित प्रकाशनहरु “सहभागिता-५३” (सुचना प्रविधि विशेषाङ्क) र Participation-19 को साथै नेपानको स्थापनाकालदेखि विभिन्न पदमा रही अमूल्य सहयोग गर्नुहुने पूर्व अध्यक्ष डा. भोला दाहाल (स्व.) को स्मृतिमा उहाँको लेखहरुको सँग्रह पुस्तक “सहभागीतामूलक विकास वहस”को विमोचन गरिएको थियो । प्रमुख अतिथि कृष्णहरि बास्कोटाले यी तिन पुस्तकहरुको विमोचन गर्दै गर्दा सहभागिताका प्रधान सम्पादक श्रीराम केसी र Participation का प्रधान सम्पादक डा. अनोज क्षेत्रीले पुस्तक तयारीको सम्वन्धमा आफ्नो अनुभवहरु बताउनुभएको थियो । स्तरीय लेखहरुको सँकलनमा ध्यान दिनुपर्ने र आगामी दिनहरुमा यी पुस्तकहरुलाई अझ स्तरीय बनाई अन्तराष्ट्रिय स्तरमा स्थापित गराउनु पर्ने आवश्यकता रहेको दुवै प्रधानसम्पादकहरुको भनाईको सार थियो । साधारण सभामा उपस्थित हुने सवैलाई विमोचित गरिएका प्रकाशनहरु वितरण गरिएको थियो ।

### २.३ प्रसिद्ध स्मृति लेखन पुरस्कारको घोषणा तथा सम्मान अर्पण :



“प्रसिद्ध स्मृति लेखन पुरस्कार” को वारेमा नेपान कार्य समिति सदस्य श्री रुपा मुनकर्मीले बताउनुभएको थियो । नेपानका अध्यक्ष चेतनाथ कणेलका छोरा स्व प्रसिद्ध कणेलको नाममा रु १ लाख राशी भएको अक्षय कोष नेपानमा स्थापना गरी “प्रसिद्ध स्मृति लेखन पुरस्कार” पुरस्कार गतवर्षदेखि प्रदान गरिदै आएको छ । यो वर्षको पुरस्कार सहभागितामूलक विकास प्रकियाको महत्वको बारेमा कलम चलाउदै आउनुभएका डा. विष्णुराज उप्रतीलाई प्रदान गरिएको थियो । उहाँले विगत २५ वर्ष देखि विभिन्न विश्वविद्यालयमा प्राध्यापन गर्दै आउनुभएको छ । करिव ५७ वटा जति पुस्तक प्रकाशन र सम्पादन गर्नुका साथै १५ वटा अन्तराष्ट्रिय पत्रिकामा लेख्नुभएका उप्रेतीले द्वन्दको विषयमा विद्यावारिधी गर्नुभएको छ । सम्मान पत्र र नगद पुरस्कार राशी रु १०

हजार सहित खादा ओढाएर डा. उप्रेतीलाई उहाँको लेखनमा अझ तिव्रता आओस भन्ने शुभेच्छा व्यक्त गरिएको थियो । डा. उप्रेतीले यसरी सम्मान गर्नुभएकोमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान) र “प्रसिद्ध स्मृति कोषप्रति आभार व्यक्त गर्नुभएको थियो । यस पुरस्कार र सम्मानले आफुलाई झन् धेरै लेखनको लागी प्रोत्साहन गरेको र यसले भविष्यमा सहभागीतामूलक विकास लेखनमा अनवरत रुपमा खटिनुभएका लेखकहरुलाई उत्साह थप्ने कुरामा विश्वास व्यक्त गर्नुभएको थियो । यो पुरस्कार गत वर्षेसह-प्राध्यापक श्री गम्भिर बहादुर हाडाले प्राप्त गर्नुभएको थियो ।

## २.४ उत्कृष्ट सदस्य र कर्मचारी सम्मान ः



२५ औ साधारण सभाको सुअवसरमा नेपानले आफ्ना सदस्यहरुको स्वयमसेवी भावनाको उच्च कदर गर्दै विगतमा जस्तै यो वर्ष श्री प्रकाश वुढामगरलाई उत्कृष्ट सदस्यको रुपमा सम्मान गरेको थियो । वुढामगरले नेपानलाई निरन्तररुपमा आवश्यकता अनुसार परियोजना प्रस्ताव लेखन, प्रतिवेदन तयारी लेखन लगायतका विभिन्न कार्यमा गुणस्तरिय सेवा प्रदान गरेकोमा उच्च मूल्याकँन गर्दै यो सम्मान गरेको थियो ।

त्यसैगरि विगतमा जस्तै नेपान सचिवालयमा कार्यरत कर्मचारीहरुमा सकारात्मक सेवाभावको विकास तथा उच्चतम् कार्यको मूल्याँकन गर्दै यो वर्ष कार्यक्रम तथा सुचना अधिकृत श्री आशिष पाठकलाई उत्कृष्ट कर्मचारीको रुपमा सम्मान गरिएको थियो । पाठकले केही समय कार्यकारी निर्देशकको अनुपस्थितिमा कायम मुकायम भई कुशल तरिकाले नेपानको व्यवस्थापकीय कार्य सम्पादन गर्नुभएको थियो ।

## २.५ पारस्परिक जवाफदेहिता परियोजनाको बारेमा जानकारी ः




२५ औ वार्षिक साधारण सभामा FHI 360 को सहयोगमा सञ्चालित नागरिक समाज तथा पासस्परिक जवाफदेहिता परियोजना (Civil Society Mutual Accountability Project: CS MAP) को वारेमा श्री गोविन्दराज पौडेल (क्षमता विकास विशेषज्ञ) ले परियोजना कार्यन्वयनको दौरान भएका सिकाईहरुको वारेमा बताउनुभएको थियो । नेपाल सरकारसँगको समन्वयको लागि नागरिक समाज तथा संघसंस्थाहरूको प्रयासहरुलाई मजवुत बनाउने, सार्वजनिक सेवा प्रदायक संघसंस्थाहरुको राष्ट्रिय, जिल्ला र समुदायस्तर विच हुने क्रमवद्ध समन्वयमा सुधार र नागरिक समाज वा सँघसँस्थाहरुको सँस्थागत सुशासन क्षमतामा सुधार ल्याउने आदि मुख्य उद्धेश्य भएको यो परियोजना २३ जनवरी २०१७ देखि ३० जुन २०१९ सम्म सञ्चालन भएको थियो । यो परियोजनामा नेपानले क्षमता विकास विशेषज्ञको रुपमा सेवा प्रदान गरेको थियो ।

## २.६ अतिथिहरुको भनाइ :

सुचना प्रविधिमा विश्वमा भइरहेको प्रगति, यसका अवसर र चुनौतीहरुको वारेमा व्यापक वहस र छलफल चलिरहँदा "सहभागिता ५३" पनि सुचना प्रविधि विशेषाङ्क रहेको थियो । सुचना प्रविधिको अधिकतम प्रयोग गरी आम मानिसको जीविकोपार्जन, तिनै तहका सरकारको सुशासन कायम गर्नमा सुचना प्रविधिको प्रयोग र संघीय लोकतान्त्रिक गणतन्त्रामक शासन व्यवस्था भएको नेपालमा सूचना प्रविधिको सहि सदुपयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा सहभागितामा विभिन्न लेखहरु छापिएका छन । यसै सन्दर्भमा, राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि वास्कोटाले सुचनाको माग गर्नु आम नागरिकको अधिकार र आवश्यक सूचना प्रदान गर्न' सरकारको दायित्व भएको कार्यक्रममा बताउनु भएको थियो । उहाँले नेपानको २५औं वाषिक साधारण सभाको उपलक्ष्यमा बधाई एवँ शुभकामना व्यक्त गर्दै सुचना प्रविधिको सदुपयोगले लोकतान्त्रिक शासन व्यवस्थालाई थप मजवुत गर्न सहयोग पुग्ने बताउनु भएको थियो । साथै समृद्ध नेपाल : सुखी नेपालीको अभियान पुरा गर्न सहभागीमूलक विकास प्रकियालाई जोड दिदै मुलुकलाई समृद्ध बनाउन मदिरामुक्त गरिनुपर्ने, खाद्यन्न तरकारी र माछामासुमा आत्मनिर्भर हुनुपर्ने, युवालाई स्वदेशमा नै रोजगारी सुनिश्चित गरिनुपर्ने, रासायनिक मललाई विस्थापित गरी जैविक मलको कारखाना सातै प्रदेशमा स्थापना हुनुपर्ने लगायतका सुझावहरु प्रदान गर्नुभएको थियो ।



नेपानको २५औं वार्षिक साधारण सभामा विशेष अतिथिको रुपमा आमन्त्रित हुनु भएका राष्ट्रिय सभा सदस्य तथा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य माननीय विमला राई पौड्यालले, देशले संघीयता कार्यन्वयन गर्दै गर्दा कानुन तर्जुमा प्रकियामा वकालत, नीतिगत पैरवी गर्न तथा प्रदेश र स्थानीय तहमा सहभागीतामूलक लेखाजोखा पद्धतिद्वारा समावेशितालाई स्थापना गर्न नेपानको उल्लेखनीय भूमिका हुन सक्नेमा जोड दिनु भएको थियो ।

## २.७ उद्घाटन सत्रको समापन :

नेपानको २५ औं वार्षिक साधारण सभाको उद्घाटन सत्रको समापन गर्नु अघि प्रमुख अतिथि तथा राष्ट्रिय सुचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बास्कोटा, राष्ट्रिय सभाका सदस्य तथा योजना आयोगका सदस्य माननीय डा. विमला राई पौडेल, पूर्व अध्यक्ष लगायत सवैलाई धन्यवाद ज्ञापन गर्दै नेपानका अध्यक्ष श्री चेतनाथ कनेलले आफ्ना विचार व्यक्त गर्नु भएको थियो । उहाँले नेपानको गरिमाको रुपमा नियमित रुपमा साधारण सभा, नियमित रुपमा कार्य समितिको चयन तथा विभिन्न क्षेत्रका दिग्गज व्यक्तिको उपस्थिति आदि रहेको बताउनु भयो । अध्यक्षको रुपमा नेपानको कार्यकालको समयमा विभिन्न समस्याका बावजुत



तथा नेपानलाई कार्यस्थलको आधारमा दोस्रो घर बताउने चेतनाथ कणेलले नेपानलाई सकेसम्म योगदान दिन सफल भएको अनुभूति भएको उल्लेख गर्नुभएको थियो । स्व. भोला दाहालको पुस्तकलाई अझ व्यापक रुपमा लग्नुका साथै भोला दाहाल स्मृति सम्मान पुरस्कारको स्थापना गरी उहाँप्रति सम्मान व्यक्त गरिएको बताउनु भएको थियो ।राष्ट्रिय योजना आयोग, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सँघ सँस्थाहरु, खास गरि दुई अन्तर्राष्ट्रिय सँस्था Global Alliance for the Rights of Older People (GAROP) जुन LONDON मा रहेको छ र HelpAge Global Network को नेपान सदस्यको रुपमा रहेको छ,सँग सँस्थागत सम्वन्ध बढाउने कोशिस गरिएको पनि बताउनु भएको थियो । यसले गर्दा नेपानका सदस्यहरुको क्षमता अभिवृद्धिमा सहयोग पुगिरहेको कुरा पनि उहाँले जानकारी गराउनु भयो । नेपानको कोष बृद्धि तथा यसको दिगो रुपमा सञ्चालन गर्नु अहिलेको मुख्य चुनौतीको रुपमा रहेको कुरामा उहाँको जोड थियो । उहाँले नेपान दिनलाइ “सहभागिता दिवस”को रुपमा स्थापना गर्नको लागि विभिन्न सँघसँस्थाहरुसंग समन्वय गरिएको तथा नेपानले प्रकाशन गरेका विभिन्न पुस्तकहरुलाई अन्तर्राष्ट्रिय रुपमा स्थापित गर्नको लागि कोशिस गरिएको साथै सहभागिता र Participation लाई अझ गुणस्तरीय बनाउनको लागि नेपानले हरसम्भव कोशिस गरिरहेको पनि बताउनु भयो । उहाँले सहभागिताको आगामी ५४ औं अँक नेपाल संघीयतामा गईसकेपछि स्थानीय, प्रादेशिक तथा सँघीय सरकारले गरेका उत्कृष्ट तथा अनुकरणीय कार्यको साथै सुशासन र सहभागीतामूलक विकास प्रकिया मुख्य विषयको रुपमा हुने घोषणा गर्नु भयो । उहाँले सँस्थाको नीतिगत विषयको लागी नेपानले यो वर्ष आन्तरिक लेखापरिक्षण शुरु गरेको र आगामी ५ वर्ष भित्रमा नेपालका सातै प्रदेशमा नेपानको सम्पर्क कार्यालय खोल्ने योजना सुनाउन भएको थियो । नेपानलाई अझ प्रभावकारी रुपमा लग्नको लागि Think Tank वा ज्ञान केन्द्रको रुपमा लग्नुपर्ने पनि उहाँले बताउनु भएको थियो । अन्तमा आगामी कार्य समितिको लागि निर्वाचन मण्डलमा सँयोजकको रुपमा श्री श्रीराम केसी र सदस्यमा श्री मणिभद्र शर्माको नाम घोषणा गरी सवैलाई धन्यबाद दिदै २५ औं वार्षिक साधारण सभाको उद्घाटन सत्रको समापन भएको घोषणा गर्नु भएको थियो ।

## ३. बन्द सत्रः

नेपानको विधान अनुसार सभा संचालन गर्न ६० प्रतिशत हुनुपर्ने र सो को गणपुरक प्रतिनिधिहरूको संख्या ४५ हुनुपर्नेमा यो साधारणसभामा ७५ ( १४ महिला र ६१ पुरूष) जना नेपान सदस्यहरूको उपस्थिति भएकाले बन्द सत्रको कार्वाही अगाडि बढाईयो । बन्द सत्र दिउँसो १ बजेदेखि ५ बजेसम्म चलेको थियो । साथै, बन्द सत्रमा गरिएका निर्णयहरुमा हस्ताक्षर गर्नको लागि डा. रोजी जोशी र श्री रविन्द्र भट्टराईलाई मनोनित गरिएको थियो ।

### ३.१ रणनीतिक छलफलहरुको निचोड

बन्द सत्रको शुरुवातसँगै नेपानका कार्यकारी निर्देशक उषा अर्याल दाहालले नेपानले एक वर्षसम्म गरेको विभिन्न विषयहरु, नेपानको नाजुक कोषको अवस्था, सँघीयता पछिको नेपानको परिचालन, नेपानलाई मोडल नेटवर्क रुपमा कसरी लैजाने आदि इत्यादि विषयमा प्रस्तुत गर्नुभएको थियो । त्यसै शिलशिलामा २६ अप्रिल २०१९ मा Ex-Coordinator हरुको वैठक आयोजना गरी नेपानको क्षमता वलियो बनाउनको लागि कस्तो रणनीति आवश्यक हुन्छ भन्ने विषयमा छलफल भएको थियो । नेपानमा Fundraising Committee छ, जसको वैठक अप्रिल २८, २०१९ मा भएको थियो जसमा कोष अभिवृद्धिको लागि कस्ता खालका रणनीतिहरु बनाउनु पर्ला, के कस्ता कार्यक्रम आयोजना गर्न सकिएला भन्ने विषयमा छलफल भएको थियो । मे ५, २०१९ मा नेपानका पूर्व अध्यक्षहरु सँग भएको वैठकमा नेपानलाई कसरी अझ प्रभावकारी रुपमा लग्न सकिन्छ, कसरी यसलाई मोडेल नेटवर्कको रुपमा लग्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

यसरी, निचोडको रुपमा नेपानले Fundraising को लागि अवसर र पहुँच भएका नेपान सदस्य जिम्मेवारी हुनुपर्ने, Funding र Branding को लागी विभिन्न Intelligence को प्रयोग गरिनुपर्ने, Association of Internation NGOs in Nepal (AIN) र Non Resident Nepali Association (NRNA) सँगका विभिन्न योजनाको साथ समन्वय गरिनुपर्ने, नेपानले गरिने खर्चमा Value For Money को रणनीति अवलम्वन गरिनुपर्ने र Fundrasing को अभाव भएको वेलामा कसरी नेपान माथि उठ्न सकेको थियो, त्यसलाई पुर्नविचार गरिनुपर्ने रहेको छ। नेपानको सदस्यहरुले प्रदान गर्ने समयलाई ख्याल गरिनुपर्ने, स्रोत केन्द्र (Resource Centre) लाई Development Centre को रुपमा लैजानु पर्ने खाँचो रहेको साथै प्रविधिमैत्री वनाउनु पर्ने रहेको छ । सामाजिक सञ्जाललाई भरपुर रुपमा प्रयोग गर्नुका साथै सहभागिता र Participation को लागि विभिन्न विश्वविद्यालयसंग समन्वय गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्नु भएको थियो । स्थानीय सरकारको सफलताका कार्यक्रमहरुलाई नेपान सँगको समन्वयमा प्रकाशन गरि अरु निकायलाई अनुकरणीय कार्यको रुपमा प्रकाशित गर्न सकिने कुरा उल्लेख गर्नु भएको थियो ।

## ३.२ सहभागीहरुको जिज्ञाशा तथा सुझाव सल्लाह ः

***क) तोया गौतम,*** *सदस्य,*

- नेपानलाई ज्ञान केन्द्रको रुपमा लैजानु पर्ने ।
- Think First NEPAN को अवधारणा सवै सदस्यले लिनुपर्ने ।
- नेपानका सदस्यहरुले आफ्नो सँस्थामा विभिन्न कार्यक्रम आउदा नेपानलाई कसरी समेट्न सकिन्छ भन्नेमा छलफल गरिनुपर्ने ।
- स्थानीय सरकारसंगको सहभकार्यमा हुने गतिविधिको बारेमा ।
- Case Story लेखनमा मैले योगदान दिन तयार छु ।
- नेपानका सदस्यहरुको विज्ञतालाई विभिन्न तालिम आयोजना गरि कोष वढाउन सकिने ।
- स्थानीय निकायहरु सँग आवश्यक समन्वय गरी विभिन्न क्षमता अभिवृद्धिका कार्यक्रमहरु गर्न सकिने ।

***ख) डा. विनोद भट्ट,*** *पूर्व अध्यक्ष,*

- विगतको गल्तीहरुवाट पाठ नसिक्ने प्रचलन नेपानमा रहेको ।
- उद्घाटन सत्र लामो भएको अव यसलाई छोट्याउनु पर्ने ।
- Resource Centre किन प्रयोग भएन, यसको कारण के के हुन् उल्लेख गरिनुपर्ने ।
- हरेक समयको ख्याल गरी काम गरिनुपर्ने ।

***ग). डा. नानीराम सुवेदी,*** *पूर्व अध्यक्ष,*

- अधिकाँश पुराना सँस्कारको अनुकरण गर्ने तर नया कुरा गर्ने, कतै नमिलेको ।

- नेपानले पनि समय सान्दर्भिक रुपमा लग्नु पर्ने ।

- हरेक सदस्यले स्वयमसेवाको रुपमा २५ घण्टा दिने, अहिलेको समयमा यो कसरी सँभव छ ? भौतिक रुपमा नेपानको सदस्य नेपान कार्यालयमा आएर समय दिन सक्दैन जस्तो लाग्छ अव यसालाई कसरी लग्न सकिन्छ ?

- नेपानले स्थानीय निकायसँग काम गर्नुपर्ने हुन्छ तर यो चुनौतिपुर्ण छ । सँभावना कहाँ छ भने, स्थानीय निकायसँग बजेट छ, हामीले आर्कषक कार्यक्रम देखाउन सकेको खण्डमा यो कुरा सँभव छ ।

- के कुरा व्यवहारिक हुन्छ , त्यो विषयमा ख्याल गर्नु पर्ने हुन्छ ।

***घ). राजवहादुर गिरी,*** *सदस्य,*

- सातवटा प्रदेशमा जानुपर्ने र उक्त कार्यको लागी नेपान सदस्यलाई परिचालित गरिनुपर्ने । म निश्चित घण्टा योगदान गर्न तयार छु, अरु कोहि हुनुहुन्छ ?

- Contribution के लाई भन्ने विषयमा स्पष्ट गरिनुपर्ने ।

- महिला उपमेयरको लागी स्पष्ट कार्यक्रमको प्रस्ताव लैजानुपर्ने ।

- सकारात्मक तरिकाले क्षमता भएको व्यक्तिलाई पदिय जिम्मेवारी दिनुपर्ने ।

***ङ). रविन्द्र भट्टराई,*** *सदस्य,*

- नेपानले विज्ञहरुलाई प्रयोग गरी परियोजना ल्याउन तत्पर हुनुपर्ने ।

- मोडेल नेटवर्कको रुपमा स्थापित गरिनुपर्ने ।

- विभन्न Training हरुको प्याकेज बनाउन सकिने । जस्तै : PRA Training

***च. डा. रोजी जोशी,*** *सदस्य,*

- सुशासन, पारदर्शिता, जवाफदेहीताको सन्दर्भमा नेपानले वहस गर्न सक्छ ।

- Fund Raising मा सन्दर्भमा नेपालमा NGO लाई दुई प्रकारका सँस्था दर्ता गरेको पाइन्छ । जस्तैः NGOs and PVT. LTD. यसपनि विचार गर्न सकिन्छ ।
- Business modality मा जान पनि सकिन्छ । छलफल गर्न सकिन्छ । Business Committee गठन गरी विभिन्न रणनीति बनाउन सकिन्छ ।

***छ). मणिभद्र शर्मा,*** *संसथागत सदस्य प्रतिनिधि (बिवाईसी बाग्लुङ),*

- स्थानीय स्तरको सँघसँस्थाको लागि विभिन्न कार्यक्रम बनाउन सकिन्छ ।

- विभिन्न विचारहरुलाई आम आधारभुत रुपमा लैजानुपर्ने देखिन्छ ।
- सहभागीता र Participation स्थानीयस्तरमा निकै प्रभावकारी भएको जसले परियोजना सफल पार्नको लागी सहयोग हुने ।
- विकाससंग जिज्ञासुहरु जो समुदायस्तरमा काम गर्छन, उनीहरुलाई सहभागीता राम्रो स्रोत भएको छ ।
- वार्षिक साधारण सभा पालैपालो जिल्ला जिल्लामा गरिनुपर्ने जसले गर्दा स्रोत व्यवस्थापन गर्न सकिन्छ ।

***ज). गोविन्दराज पौडेल,*** *सदस्य,*

- नेपानको अग्रज सदस्यहरुले केही मुख्य भूमिका खेल्नुपर्ने ।
- नेपान सदस्यहरुले विभिन्न तालिममा आफ्ना सहकर्मीहरुलाई पठाउन सकिने ।
- नेपान सँघीय सँरचना अनुसार काम गर्न तयार रहनुपर्ने ।

***झ). राघवराज रेग्मी,*** *पूर्व अध्यक्ष,*

- नेपानको Founding Philosophy नयाँ पुस्तामा लैजानुपर्ने ।
- नेपान अरु NGOs भन्दा अलिक फरक भएको । जव नेपानलाई अलिक समस्या भएको खण्डमा पूर्व अध्यक्षहरु सक्रिय हुन्छन्/भएका छन् ।
- नेपानलाई सिकाइ केन्द्रको रुपमा लगेको खण्डमा सदस्यहरु आकर्षित हन्छन् । त्यसको लागि गुणस्तरीय कार्यक्रम गरिनुपर्ने ।
- नेपानले आफ्नो कार्यक्रम बनाएर Proactive रुपमा जादाँ Branding and Marketing गर्न सकिने ।

***ञ). उत्तम उप्रेती*** *(छलफलको निष्कर्ष) पूर्व अध्यक्ष,*

- नेपानका सदस्यको माया भएको कारण नेपान अहिले सम्म आएको ।
- Branding and Marketing को विषयमा आफनो क्षमता भएको विषयमा स्थानीय निकायसँग समन्वय गरिनुपर्ने ।
- Reflection को सम्वन्धमा, विभिन्न विचारको निष्कर्षको रुपमा Fundraising को लागी नेपानले Project Apply गर्ने की नगर्ने आदि विषयमा छलफल भइरहन्छ । सँस्था सँचालनको लागी Fund को आवश्यकता भएको ।
- आवश्यकता ठाँउ अनुसार फरक फरक हुन्छन । त्यसैले नेपानले सानो सानो कार्यको लागी तालिम आयोजना गर्न सकिन्छ ।

- मूलभूत रुपमा भन्दा नेपानले सदस्यहरुको विज्ञतालाई नै प्रयोग गरिनुपर्छ ।

- क्षेत्रीय सँघसँस्थाहरु सँग मिलेर कार्यक्रम गर्न सकिने ।

- Right ठाउँ मा Right Input नभएको हो कि जस्तो लाग्छ । जसको समाधान Proactive नै हुनुपर्छ ।

### ३.३ वार्षिक प्रगति प्रतिवेदनको प्रस्तुतीकरणः

२५ औ वार्षिक प्रतिवेदन नेपानका कार्यकारी निर्देशक श्री उषा अर्याल दाहालले प्रस्तुत गर्नु भएको थियो । मुख्य उपलब्धिको रुपमा नागरिक समाज तथा पासस्परिक जवाफदेहिता परियोजना (Civil Society Mutual Accountability Project: CS MAP), Parliament Support Project, Humanitarian Accountabilty Monitoring Initiative (HAMI) सँगको कार्यक्रम, DFID को सहयोगमा MOTT MacDonald को व्यवस्थापनमा सँचालित सम्वोधन परियोजना, ज्येष्ठ नागरिक महासँघ (National Senior Citizen Federation-NASCIF) र एजिङ्ग नेपाल (AGEING NEPAL) सँग मिलेर ज्येष्ठ नागरिकको विषयमा विभिन्न कार्यक्रम भएको, Participation र सहभागिता, भोला दाहाल स्मृति पुरस्कार, सहभागिता विकास लेखन आदि विभिन्न कार्यक्रम गरिएको थियो । ६१ वटा विभिन्न पुस्तकहरु नेपाल स्रोत केन्द्रमा थप गरिएको छ । मुख्य समस्या र चुनौतीको रुपमा परियोजना पाउन अत्यधिक प्रतिष्पर्धा रहेको, सदस्यहरुको समय, सदस्यहरुलाई जिम्मेवारी रुपमा परिचालन कठिन रहेको आदि रहेका छन् भने अवसरको रुपमा स्थानीय निकाय, Like Minded Organization र परियोजनामा सहकार्य गरेका सँस्थासँग थप कार्य गर्न सकिने आदि रहेका छन् । सिकाइको रुपमा Proactive कार्यक्रमहरु गरिनुपर्ने, नेपानलाई समय सान्दर्भिक बनाउनुपर्ने, सदस्यहरुलाई धेरै भन्दा धेरै परिचालिन गरिनुपर्ने, स्रोत केन्द्रलाई पाठकमैत्री गरिनुपर्ने, Monthly Sharing Programme मा उपस्थित कम भएको कारण प्रभावकारी हुन नसकेको आदि रहेका छन् ।

### ३.४ वित्तिय प्रगति प्रतिवेदनको प्रस्तुतीकरणः

नेपान कार्यसमितिका कोषाध्यक्ष श्री तेज सुनारले आ.व. २०७५/७६ को वित्तिय विवरण पेश गर्नु भएको थियो । उक्त विवरण अनुसार नेपानको आ.व. २०७५/७६ को जम्मा आम्दानी रु. १,६०,४३,६८२ (एक करोड साठी लाख त्रिचालिस हजार छ सय बयासी रुपैया मात्र) र जम्मा खर्च रु. १,४६,३२,२५१ (एक करोड छ्यालिस लाख बत्तिस हजार दुई सय एकाउन्न रुपैया मात्र) रहेको थियो । यसको थप जानकारी अनुसुची ३ मा प्रस्तुत गरिएको छ । साथै आवश्यक गहन छलफल पछि सर्वसम्मत रुपमा प्रतिवेदन पास गरि आगामी वर्षको अडिटको लागी अडिटरको रुपमा विगत २ वर्ष देखि लेखा परिक्षण गरिरहेको संस्था D.&G. Associate and Chartered Accountants लाई नै कार्य समितिको निर्णयानुसार प्रस्ताव गरिएको र सर्वसम्मत रुपमा नियुक्ति गरिएको थियो ।

### ३.५ आगामी वर्षको कार्य योजना तथा बजेट ः

नेपानले आगामी वर्षको कार्यक्रमहरुलाई २५औं वार्षिक साधारण सभामा पेश गरेको थियो । जस अन्तर्गत केही मुख्य कार्यक्रमहरुलाई तल वुदागत रुपमा प्रस्तुत गरिएको छ । देहायका कार्यक्रमहरु सम्पन्न गर्नको लागि आ.व. २०७६/७७ मा जम्मा ७ करोड ९२ लाख ९७ हजार २ सय ४४ रुपैयाको बजेट प्रस्तुत गरिएको छ ।

- स्थानीय निकायहरुको प्रोफाइल र सहभागीतामूलक योजना निर्माणमा सहजीकरण गर्ने ।
- ज्येष्ठ नागरिक महासघँ र अन्य सँस्थाहरुसंग मिलेर सहभागीमूलक कार्यशाला आयोजना गर्ने ।
- नेपानमा रहेका अध्ययन सामाग्रीहरुको निरन्तर प्रकाशन र विक्रि वितरण गर्ने ।
- नागरिक समाजको सहभागीतामा राष्ट्रिय स्तरको तालिम, कार्यशाला आयोजना गर्ने ।

- नियमित प्रकाशनहरु ।
- रेडियो टिभी. कार्यक्रमको उत्पादन तथा सहभागीतामूलक अवधारणाको प्रर्वद्धन गर्ने ।
- विभिन्न संघसंस्थासंग मिलेर प्रकोप प्रभावितहरुको लागी विभिन्न कार्यक्रम आयोजना गर्ने ।
- ज्येष्ठ नागरिकहरुको सम्वन्धमा वनेका कानुनी तथा नीतिगत प्रष्ट र अद्यावधिक गर्ने ।
  यो कार्यक्रमलाई यो साधारणसभाबाट निवाचित भएर आउने कार्यसमितिलाई आवश्यकता र औचित्यताका आधारमा परिमार्जन गर्ने अनुमतिसहित अनुमोदन गरिएको थियो ।

### ३.६ नयाँ सदस्यको प्रस्ताव र निर्णयः

नेपान कार्यसमितिको सदस्य पद्मा शाक्यले नयाँ सदस्यताका लागि परेका आवेदनमध्येबाट कार्यकारी समितिले उपयुक्त छानेका व्यक्तिहरुलाई सदस्यता प्रदानको प्रस्ताव गर्नु भएको थियो । प्रस्तावित नामावली सर्वसम्मत रुपमा पारित गरिएको थियो ।

**नामावली :**

१ श्री प्रेमकुमार स्याङ्गवो, भरतपुर, चितवन

२ श्री गीता पौडेल, माइजोगीमाई गाउँपालिका, इलाम

३ श्री बद्रि अर्याल, पोखरा, कास्की

४ श्री डा. नरेन्द्र सिँह ठगुन्ना, शान्तिनगर ३१, काठमाडौँ

५ श्री अनिता पाण्डे पन्त, भैसेपाटी, ललितपुर

### ३.७. विधान सँशोधन प्रस्तावः

कार्यसमितिको निर्णयअनुसार कार्यसमिति सदस्य श्री कृष्ण सुवेदीले सँयोजन गरी प्रस्तुत गरिएको विधान सँशोधन प्रस्ताव यो वार्षिक साधारणसभाले थप गृहकार्य गरी आगामी वार्षिक साधारणसभा हुनुभन्दा केही दिन पहिला नै सम्पूर्ण सदस्यहरुलाई सर्कुलर गर्ने र त्यसै अनुसार अर्को साधारणसभाले निर्णय गर्ने गरी हाललाई स्थगन गर्ने निर्णय गरिएको थियो ।

### ३.८. नयाँ कार्यसमिति निर्वाचन :

नेपानको २५ औँ वार्षिक साधारणसभाले नेपानका आजीवन सदस्य तथा पूर्व नेटवर्क सँयोजक श्री झविन्द्र भण्डारीलाई अध्यक्ष पदमा सर्वसम्मति रुपले चयन गरेको छ । यस्तैगरी सदस्यहरुमा श्री रुपा वस्नेत, श्री रुपा मुनकर्मी, श्री तोया गौतम, डा. मीनाक्षी दाहाल, श्री सुनिल यादव, श्री विर्ख क्षेत्री, श्री अनिरुद्धनाथ शुक्ला र श्री विनोद तिमल्सिना लाई पनि सर्वसम्मतिले चयन गरेको छ । त्यसैगरी, नेपानको अब वन्ने कार्य समितिलाई पदावधि बाँकी रहनुभएका कोषाध्यक्ष श्री तेज सुनार, सदस्यहरु श्री पदम भुसाल र श्री पद्मा शाक्यले निरन्तरता दिनुहुनेछ । यसरी निवर्तमान अध्यक्ष पदेन सदस्य र नेपानको कार्य समिति कार्यकारी निर्देशक पदेन सचिव (मताधिकार नभएको) सहित १४ सदस्यीय रहेको छ ।

निर्वाचन कार्यक्रमपश्चात नवनिर्वाचित अध्यक्ष श्री भ्फविन्द्र भण्डारीले नेपानलाई प्रभावकारी रुपमा लैजानुका साथै विभिन्न सँघसँस्थाहरुसँग समन्वय गरी नेपानलाई सँघीयता बमोजिम लैजाने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो । उहाँले स्थानीय सरकारसँग समन्वय गरी विभिन्न कार्यक्रम गर्न सकिने बताउनुभएको थियो । विभिन्न विश्वविद्यालय, नेपाल सरकार, राष्ट्रिय योजना आयोगसँग गरिएको विभिन्न कार्यक्रमलाई निरन्तरता दिनुका साथै नयाँ थप क्षेत्रहरुको पहिचान गर्न नेपान पनि आफैमा परिवर्तन हुनेमा पनि उहाँको प्रतिवद्धता थियो । नेपानलाई प्रतिष्पर्धात्मक वातावरणमा स्थापित गर्नको लागि प्रभावकारी योजना निर्माण गरी यसले नियमित रुपमा प्रकाशित गर्दै आएका विभिन्न प्रकाशनहरुलाई अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसँग जोडेर यसको क्षेत्रलाई अझ व्यापक गर्न सकिनेमा विश्वास व्यक्त गर्नुभएको थियो ।

### ३.८. निवर्तमान कार्य समितिका सदस्यहरुलाई सम्मान ः

नेपानको २५ औं वार्षिक साधारण सभामा नेपानको कार्य समितिमा रही दुईको कार्यकारी सेवा अवधि समाप्त भएका नेपान अध्यक्ष श्री चेतनाथ कणेल, Immediate Past Chairperson (IPC) श्री उत्तम उप्रेती, सदस्यहरुमा डा. अनोज क्षेत्री, श्री अश्विनकुमार पुडासैनी, श्री रुपा मुनाकर्मी, श्री रुपा वस्नेत, श्री श्रीराम केसी, श्री कृष्ण सुवेदी र श्री नन्दलाल माझी र डा. मीनाक्षी दाहाललाई नेपानका पूर्व अध्यक्ष तथा संयोजकहरुले सम्मान र प्रसंशाका साथ सफलताका साथ नेपानलाई अगाडि बढाएकोमा धन्यबाद दिँदै आगामी दिनहरुमा अझ प्रभावकारी सहयोग प्राप्त गर्ने आशासहित खादा ओडाइ विदाई गर्नुभएको थियो ।



## ४. निष्कर्ष

नेपानको २५औं वार्षिक साधारणसभा सभ्य र भव्य रुपमा सम्पन्न भएको छ । नयाँ नयाँ विचारहरुलाई समाहित गर्दै नेपानले आफूलाई नेपालको संघीय संरचना अनुसार विकास गरिनुपर्ने र स्थानीय निकायहरुमा आवश्यक परेका विभिन्न नीति तथा योजनाको लागि समन्वय गर्न सकिनेमा विश्वस्त हुदै नयाँ कार्यसमितिको चयन गरी २५औं साधारणसभा सम्पन्न भएको थियो ।

## अनुसूची ः

### १. तस्वीरहरु ः







Celebrating
25th Year
NEPAN


Celebrating
NEPAN


NEPAN


सहभागिता




Celebrating
25th Year
NEPAN

## २. प्रगति प्रतिवेदन

**नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)**

**वार्षिक प्रगति प्रतिवेदन**

**२०७५/०७६ (२०१८/१९)**

**२५औं साधारणसभामा प्रस्तुत**

**२१ भदौ, २०७६ (७ सेप्टेम्बर, २०१९),**

**दोभानटोल, सहयोगीनगर, जनता सडक, कोटेश्वर,, काठमाडौं-३२**

---

**आदरणीय नेपान सदस्यज्यूहरू,**

नमस्कार,

नेपानको २५औं वार्षिक साधारणसभामा उपस्थित हुनु भएका नेपानका सम्पूर्ण सदस्यहरूमा आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छौं । यो अवसरमा हामी प्रथमतः साधारणसभामा उपस्थित हुनुभएका संस्थाका सम्पूर्ण नेपान सदस्यहरूलाई हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छौं । र, नेपानलाई आजको अवस्थामा ल्याउनमा अमूल्य योगदान दिनुहुने सम्पूर्ण नेपान सदस्यहरू एवम् सहयोगी संस्थाहरूप्रति आभार व्यक्त गर्दछौं । गतः २३ भदौ, २०७५ (९ सेप्टेम्बर २०१८) मा नेपानका अध्यक्ष चेतनाथ कणेलज्यूको अध्यक्षतामा नेपानको २४औं वार्षिक साधारणसभा शंखमूल, काठमाडौंमा सम्पन्न भएको थियो ।

संस्थाको उपलब्ध श्रोत र साधनका आधारमा २४औं साधारणसभा सम्पन्न भएलगत्तै यो २५औं साधारणसभा सम्पन्न हुनुपूर्वका १ वर्षको अवधिमा सम्पन्न गतिविधिहरू र उपलब्धिहरू यस प्रतिवेदनमा संक्षेपमा राख्ने प्रयास गरेका छौं ।

२४औं साधारणसभाबाट पारित नेपानको नयाँ ५ वर्षे रणनीति (२०१८-२०२२) अनुरूप ५ वटा थिमको परिधिमा रही यो प्रतिवेदन तयार पारिएको जानकारी पनि सगर्व गराउन चाहन्छौं । **तल उल्लेखित क्रियाकलापहरूको विस्तृत विवरण Annexes मा हेर्नुहुन अनुरोध छ ।**

**खण्ड १**

**वर्षभरका प्रमुख उपलब्धिहरू**

**रणनीति १ सुशासन र पारस्परिक जवाफदेहिता अभिवृद्धि (Promoting good governance and mutual accountability)**

- एफएचआई ३६० सँगको सहकार्यमा सञ्चालित नागरिक समाजः पारस्परिक जवाफदेहिता परियोजना (CS:MAP) परियोजना सन् २०१७ बाट शुरु भई जुन २०१९ मा सम्पन भएको थियो सो परियोजना मार्फत गत आ.व.मा १४ वटा NGOs लाई उनिहरूको संस्थागत विकासका साथै सुशासन अभिवृद्धि गर्न संचालन गर्ने कृयाकलापको लागि क्षमता अभिबृद्धि गर्ने कार्यमा सहयोग गरेको थियो । क्षमता विकासमा खासगरी advocacy readiness index, organizational capacity assessment, leadership development, social accountability tools, right to information आदि विषयका तालिम तथा मेन्टरिंग प्रदान गरिएको थियो ।
- त्यसैगरि तयार भएका Manuals तथा Reports: advocacy, social accountability, resource mobilization and financial sustainability, facilitation skills, project cycle mgt, resource mobilization training, organizational governance and leadership dev., ARI and OCA reports, project completion reports आदि नेपानले सुशासन र पारस्परिक जवाफदेहिता अभिवृद्धिका लागि गरेको योगदान हो ।
- **Parliament Support Project (PSP/UNDP)** संगको सहकार्यमा नेपानले सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा प्रदेशसभाका संसद (प्रदेश १, २, ३, ५, ६) सचिवालयका कर्मचारीहरूलाई प्रतिवेदन लेखन र दस्तावेजीकरण विषयमा उनीहरूको क्षमता अभिवृद्धि गर्नका लागि तीनवटा तालिम सहजीकरण गरेको थियो ।
